DOWNLOADED FROM: https://iasexamportal.com/

CS (Main) Exam,2019

SDF–C–NPLI

# नेपाली

## ( अनिवार्य )

| अनुज्ञापित समय : तीन घण्टा | अधिकतम अङ्क : 300 |
|---|---|

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

## ( Compulsory )

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

**1.** निम्नलिखित कुनै **एक** विषयमा *600* शब्दहरूमा निबन्ध लेख्नुहोस् : 100

(a) सृजनात्मकताको पोषण गर्ने शिक्षाको आवश्यकता

(b) भारतमा वन्यजीवन संरक्षणार्थ चुनौतीहरू

(c) किशोर मानसमा फिल्महरूका प्रभाव

(d) दिव्यांगहरूको सशक्तीकरण

**2.** निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढेर अनि तेसको आधारमा तल दिइएका प्रश्नहरूका उत्तर स्पष्ट, सठीक र संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

हजारौं वर्ष पूर्वसम्म मानिस जाति पृथ्वीमा शिकारी मात्र थिए। नवपाषाण युगसम्म उनीहरूले खेतीको लागि बाँच्न आरम्भ गरेका थिएनन्। कतै टाडा ठाउँतिर नगई नै उनीहरूले जमीन जोतेर खाद्यान्नको आपूर्तिलाई बढाउनमा सक्षम बने र लगातार कृषिको उन्नतितिर लाग्न थाले। आजसम्म उनीहरू पहिलेको तुलनामा अधिक अनि राम्रा भू-उपज लिनुमा सक्षम भएका छन्। तथापि जहाँसम्म समुन्द्रहरूका सम्बन्ध छ तिनीहरू अझसम्म प्रायः शिकारी नै छन्। तिनीहरू माछाहरू र अन्य जल-जीवहरूलाई पक्रन्छन् तर तेसको सतत वृद्धिको र आपूर्तिको लागि सीमित प्रयत्न मात्र गरीरहेका छन्। ऐलेसम्म जलीय शिकारबाट उनीहरूलाई प्रशस्त प्रोटीनको आपूर्ति भएको छ। यो भू-खेतीबाट प्राप्त प्रोटीनको आपूर्तिको पूरक हो। तर दुनियाँको बढ्दै गएको जनसंख्याको कारण मानिस जातिलाई चाँडै नै समुन्द्रबाट यति धेरै प्रोटीनको आवश्यकता हुनसक्छ कि उसको यो समस्या साथै सतत आपूर्ति पनि खतरामा पर्न सक्छ। यसैकारण मानिसलाई समुन्द्र-खेतीको माध्यमबाट पर्याप्त आपूर्ति राख्नका लागि पाइला चाल्नु पर्छ।

लघु स्तरमा माछा-पालन पोखरीहरू र झीलहरूमा पहिले नै सफलतापूर्वक गरी सकेको पाइन्छ। विशेष रूपबाट जलविद्युत् परियोजनाहरूका निम्ति बाँधहरूका निर्माणद्वारा बनाईएका कृत्रिम झीलहरूमा यो कार्य भैसकेको छ। ताजा पानीका पोखरीहरूमा माछाको उपजबाट प्रोटीनको आपूर्तिमा पहिले बाटै वृद्धि भैसकेको छ। तिनीहरू मध्ये केही विकास ग्रामीण समुदायहरूमा कृषि-अधिकारीहरूका सहयोग र पर्यवेक्षणबाट भैरहेको छ।

एक समय माछा-पोखरीहरूका युवा माछाहरूबाट समृद्ध गरि दिए माछाहरूका स्वस्थ वातावरणमा विकासको सम्भव हुँदछ भोजनको पर्याप्त आपूर्ति पनि हुन जान्छ। पानीमा धेरै संख्यामा तैरीरहेका प्लवक—सूक्ष्मजीव एवं वनस्पति—जलीय प्राणीहरूका लागि मुख्य आहार हुन्। ससाना माछाहरूले तेसलाई खाने गर्छ र आफू भन्दा ठूला माछाहरूका आहार बन्छ। किनभने प्लवक पानीमा रहेका खनिजहरूबाट वृद्धि पाउँदछ, यसर्थ प्लवक मात्रलाई पानीमा अतिरिक्त उर्वरकहरूद्वारा बढाउन सकिन्छ।

यद्यपि, समुन्द्र-खेती व्यावहारिक अनि लाभदायक दुवै हुनसक्छ। तर यसको पहिला केई समस्याहरू हल गर्न पर्दछ। उदाहरणको लागि समुन्द्रको त्यो भागमा उर्वरक हाल्नु उपयोगी हुँदैन, जहाँ समुन्द्रका धाराहरू तीव्र गतिबाट उर्वरकहरूलाई कोसौं टाडा अनुत्पादक पानीमा लगेर जाँदछ। यदि माछा-पालक उर्वरकहरूलाई एक निश्चित क्षेत्रसम्म सीमित पार्न सके, तेती बेला पनि त्यो 'आफ्नो क्षेत्र'सम्म उर्वरक-पोषित माछाहरूलाई राख्नका लागि तरीका खोज्न पर्छ। साथै आफ्नो व्ययको आधुनिकतम लाभ प्राप्त गर्नका लागि तिनीहरूलाई माछाहरूका आहार दिनलाई यस्तो तरीका खोज्न पर्दछ जसबाट त्यो आहार तिनै माछाहरूलाई पुगोस्, जसलाई तिनीहरू खान चाहन्छन्। उनीहरूलाई नखाने जल-जीवहरूबाट खानी हटाउने युक्ति चलाउनु पर्छ, जसबाट ती माछाहरूका आहार साझा नहोस्।



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

स्पष्ट रूपबाट यी समस्याहरूलाई हल गर्न तेस्तो सजिलो पनि छैन—वास्तवमा समुन्द्रको विशालतालाई हेरेर (हेर्दै), जुन पृथ्वी सतहको लगभग तीन-चौथाईलाई यसले घेरेर राखेको छ, समुन्द्रको पानी पोखरीहरूका अनि झीलहरूका तुलनामा प्रवाहपूर्ण निरन्तर गतिशील रहँदछ। हुनसक्छ समस्याहरूलाई विस्तारै विस्तारै हल गरिने छ होला। आउने भविष्यमा मानिस जाति महाद्वीपहरूका छेउ तरंगित तटका पानीमा सानो रूपमा माछा पालन प्रारम्भ गर्न सक्छ। ती केई जल-क्षेत्रलाई सीमाङ्कन गर्न सक्दछ, जहाँ उसले तेस्ता माछाहरूका संरक्षण गर्न सक्दछ जसको उसले उत्पादन गर्न चाहन्छ। आफ्ना माछाहरूका आहारलाई खान आउने अवांछनीय जल-जीवहरूलाई हटाउन सक्दछ। आवश्यकता-अनुसार त्यो क्षेत्रमा उर्वरक हाल्न सकिन्छ अनि अनन्त समय-समयमा परिपक्व माछाहरूको लागि फसलको जोगार गर्न सकिन्छ।

(a) शिकारको तुलनामा खेती कुन प्रकारले असल छ तथा भविष्यमा समुन्द्री खेती किन आवश्यक हुन्छ?

(b) माछा-पालनमा उर्वरकहरूको कस्तो भूमिका छ?

(c) समुन्द्रको कुन भागमा माछा-पालन आरम्भ गर्न सकिन्छ?

(d) 'खानी हटाउनु'-बाट तपाईं के सम्झनु हुन्छ?

(e) भविष्यमा समुन्द्री खेतीको समस्याहरूलाई समाधान कसरी गर्न सकिन्छ?

**3.** निम्नलिखित अनुच्छेदका सारांश एक-तिहाई शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यकता छैन। सारांश आफ्नै शब्दहरूमा लेख्नुहोस् : 60

भारतको विशाल जनसंख्या ग्रामीण हो। यसको सामाजिक-आर्थिक स्थिति अनि तेसको जीवनको गुण-विशेषमा सुधार ल्याउनका लागि ग्रामीण बुनियादी ढाँचामा सर्वतोमुखी विकासको आवश्यकता छ। जसबाट समतुलीय र समावेशी विकासको दीर्घपोषित उद्देश्यहरू प्राप्त गर्न सकिन्छ। ग्रामीण बुनियादी ढाँचाका एक महत्त्वपूर्ण अंग खाने पानीको व्यवस्था हो। पानी निस्संदेह एक महत्त्वपूर्ण लोक हिताय हो। नागरिकको माँगहरूलाई पूर्ण गर्नका लागि, पानीकै बुनियादी ढाँचाको निर्माणको लागि सार्वजनिक निवेशमा वृद्धिको आवश्यकता छ। एक जल-सुरक्षित राष्ट्र न त केवल आफ्नो नागरिकहरूलाई स्वच्छ र सुरक्षित खाने पानी उपलब्ध गराउँछ तर एक स्वस्थ र आर्थिक रूपबाट उत्पादक समाजलाई पनि सुनिश्चित राख्दछ। तथापि, भारतको विशाल ग्रामीण जनसंख्यालाई खाने पानीको खाँचोलाई पूर्ण गर्न एक कठिन काम छ, जसको मुख्य कारण स्थापित खाने पानी आपूर्तिको क्षमतामा कमी, सामाजिक, आर्थिक विकासको निम्न स्तर, शिक्षा र पानीको उपयोग साथै उपभोगको बारेमा जागरुकतामा कमी आउनु हो।

संविधानको अनुच्छेद 47ले राज्यहरूका सार्वजनिक स्वास्थ्यलाई असल बनाउनुको लागि सुरक्षित खाने पानी उपलब्ध गराउन आदेश दिंदछ। स्वच्छ खाने पानीको व्यवस्था बिमारीहरू र घातक घटनाहरूलाई घटाउनुमा आउँदछ र जीवन स्तरलाई असल बनाउनमा सहयोग गर्छ। देशको करोडौं जनसंख्याको समग्र स्वास्थ्यमा सुधार ल्याउनलाई स्वच्छ अनि सुरक्षित खाने पानी र स्वच्छताको प्रावधान महत्त्वपूर्ण छ।

दीर्घकालीन विकास पानीको उपलब्धता र स्वच्छतालाई दीर्घकालीन प्रबन्धन सुनिश्चित गर्नलाई तेसको आवश्यकतामाथि जोर दिंदछ। सुरक्षित खाने पानीसम्म पुग्ने कुरामा यसको एक तरहबाट यही तात्पर्य हुन्छ कि 'कुनै पनि छुटेर नजावोस्' जो कि यो वर्ष 'विश्व जल दिवस'को विषय पनि थियो। विश्व जल दिवस प्रतिवर्ष 22 मार्चमा मानिन्छ।

सरकारले ग्रामीण मानिसलाई सुरक्षित खाने पानी सुनिश्चित गर्नका लागि ध्यान केन्द्रित गरी रहेको छ। सरकारले समय-समयमा यो क्षेत्रमा आउने चुनौतीहरूको प्रतिरोध गर्न महत्त्वपूर्ण पाइला पनि चाली रहेको छ। ग्रामीण जल आपूर्ति



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/




## What you will get:

- Public Administration (Paper I and Paper II) - Printed Reading Material
- Summary of Administrative Committees Recommendations
- Gist of Selected Journals of IIPA (Indian Institute of Public Administration, New Delhi) of last 25 years
- Current Public Administration, A Monthly Magazine (PDF Copy)
- List of Useful Diagrams and Charts
- **A booklet on Mind Maps on important topics of Public Administration**
- Strategy and Suggested Reading
- Overview of Main Linkages
- Free membership of online course of Public Administration
- Practice Papers for Public Administration Mains both papers
- 2 Model Answers for Public Administration Mains papers
- Solution of Public Administration Mains (Paper I & II)
- Telephonic support from Course Co-ordinator
- And much more……

**Price of the Kit:**

**~~Rs. 8,000~~**

**Rs. 3,999/-**

***(Limited time Offer)***

Buy Online

VISA Maestro MasterCard RuPay

Net Banking

# Order Online (100% Safe)

**Click here for Other Payment Options (Cash/NEFT/etc)**

**FOR MORE DETAILS VISIT:**

**http://iasexamportal.com/SK-115**

50% OFF

DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

योजनाहरूलाई क्रियान्वयनको लागि अनुदान प्रदान गरेर क्रियान्वयन र अनुरक्षण पक्षहरूतिर भू-जल संचयन हेतु पनि पाइला अघि बढाएको छ। अन्य मापदण्डमा बर्खा जल संचयन पनि सम्मिलित भए त्यो अझ महत्त्वपूर्ण पक्ष हो अनि ग्रामीण क्षेत्रहरूमा लगातार रूपबाट सुरक्षित खाने पानी आपूर्ति सहयोगपूर्ण हुन सक्दछ।

ग्रामीण क्षेत्रहरूमा कृत्रिम पुनर्भरण र बर्खा जल संचयन ढाँचाको निर्माण हेतु सरकारले मास्टर प्लानमाथि काम गरी रहेको छ। भारतमा यस्तो सफलताको कथाहरू थुप्रै छन् जसले हाम्रो परम्परागत प्राचीन ज्ञान अनि बुद्धि तर्फ ध्यान आकर्षण गराउँछ।

2001 मा तमिलनाडु सरकारले प्रत्येक परिवारका लागि बर्खा जल संचयनको आधारभूत ढाँचा राख्नु अनिवार्य गरिदिए। बेंगलोर र पुणे नगरहरूमा पनि यसको प्रयोग भैसकेको छ जहाँ आवास समितिहरूद्वारा बर्खाको पानी संरक्षण गर्नलाई आवश्यक छ। अन्य राज्यहरूमा पनि यस्तो प्रकारको अनेक शुरुआतहरू भैसकेको छ।

भारतमा भू-जलको अतिशोषण एक चिन्ताको मुख्य विषय भएको छ। यसलाई रोक्नका लागि राज्य सरकारहरूद्वारा नियमित कार्यविधिको आवश्यक छ। गम्भीर रूपबाट प्रभावित क्षेत्रहरूमा अत्यधिक कुवाहरू खन्नको लागि प्रतिबन्ध लगाउनु पर्छ। खाने पानी आपूर्तिको योजनाहरूलाई प्रभावकारी बनाउनका लागि पञ्चायती राज संस्थानहरूका धेरै मात्रामा भागीदार हुन जरूरी छ। वर्तमानमा, पञ्चायती राज संस्थानको भूमिका अल्पतम छ। ग्रामीण समुदायहरू, गैर-सरकारी संगठन (NGO) तथा सरकारी सहूलियत अनि सह-वित्तदाताहरूका सहभागिता सफलतापूर्वक देखिन्छ। हामीले सम्झना गर्नु पर्ने छ कि ग्रामीण क्षेत्रहरूमा खाने पानी उपलब्धता, अनि हामीले यथासम्भव पानीको न्यायसंगत प्रयोगको लागि प्रत्येक ग्रामीण समुदायको सक्रिय भागीदारीमाथि जोड दिनु पर्छ।

समुदायको भागीदारी, संचालन अनि संरक्षणले आर्थिक व्यवहारिकतालाई बढाउँछ, साथै जीवन-म्यादको प्रक्रियालाई पनि सृजन गर्छ। समुदायले स्वास्थ्य संरक्षण र खाने पानी स्रोतको संरक्षण मात्र गर्दैन तर दिशा र उपायहरूको पनि संरक्षण गर्छ जसद्वारा जलको सम्भरण र जल भण्डार तर्फ सुधार ल्याउँछ प्रदूषित पानीलाई हटाउनका लागि जुन जम्मा गरेको, सम्भरण गरेको र प्रयोगको समयमा हुँदछ।

ग्रामीण क्षेत्रहरूमा यी योजनाहरू प्रभावी कार्यान्वयनको लागि पञ्चायती राज संस्थानहरू, स्वयं सहयोग समूह अनि सरकारी समितिहरूको माध्यमबाट समुदायलाई सक्रिय भागीदारीको जरूरत देखिन्छ, ताकि सन् 2030 सम्म 'घर घर जल'को लक्ष्य प्राप्त गर्न सकियोस् अनि दीर्घकालीन थेप्रै समाधानलाई साकार पार्न सकियोस्।

**4.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

जब कुनै व्यक्तिले आफूलाई हेर्दछ त उसले आफ्नो बारेमा गलत अनुमान लगाउने गर्छ। उसले आफ्नो उद्देश्यलाई मात्र देख्दछ। धेरै भन्दा धेरै मानिसहरू राम्रो उद्देश्य लिएर हिँड्दछ अनि मान्दछ कि उसले पनि काम गरी रहेको छ, जसको परिणाम राम्रै नै हुन्छ होला। कुनै पनि व्यक्तिको लागि आफ्नो कार्यहरूका तटस्थ मूल्याङ्कन गाह्रो छ। जुन हुन सक्छ अनि प्रायः हुन्छ नै पनि कि उसको राम्रो उद्देश्यहरूमा विरोधाभास उत्पन्न हुँदछ। धेरै भन्दा धेरै मानिस काम गर्ने लक्ष्यबाट आउँदछ अनि आफ्नो काम तेस्तो ढंगले गर्दछ कि जुन उसलाई सुविधाजनक लाग्दछ; अनि साँझमा सन्तुष्टिको भावना लिएर घर फर्की जाँदछ। उसले आफ्नो कामको मूल्याङ्कन गर्दैन। उसले आफ्नो उद्देश्यहरूकै मूल्याङ्कन गर्दछ। यस्तो मानिन्छ कि, कुनै पनि व्यक्ति आफ्नो कार्यको समयलाई समयभित्रै समाप्त गर्ने उद्देश्य राख्दछ अनि यदि उसलाई विलम्ब भयो भने त यो उसको



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

नियन्त्रण बाहिरको कुरा हुँदछ। काममा ढिलो गर्नु उसको कुनै उद्देश्य हुँदैन। तर यदि उसको कामको तरीका या आलस्य ढिलो हुने कारण हुँदछ, के यो उद्देश्यजन्य हुँदैन?

समस्या यो छ कि हामी प्रायः जीवनसित जुझ्नको साटो यसको विश्लेषण गर्न लाग्दछौं। मानिस आफ्नो असफलताहरूबाट केई सिक्नुको सट्टामा, उनको कारणहरू एवं प्रभावको चिरफार गर्न पट्टि लाग्दछ। कठिनाईहरू एवं संकटहरूका माध्यमबाट ईश्वरले हामीलाई अघि बढ्ने मौका प्रदान गर्दछ। यसैले जब आफ्ना इच्छाहरू, सपनाहरू एवं लक्ष्य चूर-चूर भए तेसको अवशेषहरूभित्र लुकेका कुनै सुनौलो मौका अवश्य भेटिन्छ।

मानिसहरूका कार्यकुशलतालाई बढाउनका लागि तेसलाई प्रेरित गर्नु अनि हताशाबाट उठ्नु प्रत्येक नेताको लागि सधैं एक चुनौतीपूर्ण काम हुँदछ। संगठनहरूमा परिवर्तन ल्याउने मामलामा एक नेता स्वीकृति अनि प्रतिरोधको बीचको बाटो खोज्दछ।

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

Freedom has assuredly given us a new status and new opportunities. But it also implies that we should discard selfishness, laziness and all narrowness of outlook. Our freedom suggests toil and the creation of new values for old ones. We should so discipline ourselves as to be able to discharge our responsibilities satisfactorily. If there is any one thing that needs to be stressed, it is that we should put in action our full capacity, each one of us in productive effort—each one of us in his own sphere, however, humble. Work, unceasing work, should now be our watchword. Work is wealth, and service is happiness. The greatest crime today is idleness. If we root out idleness, all our difficulties, including even conflicts, will gradually disappear. Whether as constable or high official of the state, whether as businessman or industrialist, artisan or farmer, each one is discharging the obligation to the state, and making a contribution to the welfare of the country. Honest work is the anchor to which we should cling if we want to be saved from danger or difficulty. It is the fundamental law of progress.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

परमार्थ ; इत्यादि ; उच्चारण ; नमस्कार ; भावुक ; तपोवन ; सङ्गीत।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थ शब्दहरूको प्रत्येकको दुई-दुईवटा भिन्न अर्थ दिनुहोस् : 5

पत्र ; अङ्क ; पुतली ; वल ; उत्तर ; रस ; टीका।

*(b)* *(i)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

बिनाकाम ; पेटभरुवा ; राजभवन ; गहुँगोरो ; नवरत्न ; एघार ; चतुर्भुज।

*(ii)* तलका कुनै **पाँच** प्रत्ययहरू लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

अनु ; उप ; हार ; आलु ; इलो ; एली ; वटा।



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

(c) (i) तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

आगो हुनु ; आँखा चिम्लनु ; कान फुक्नु ; कम्मर कस्नु ; धोती न टोपी हुनु ; श्री गणेश हुनु ; सुइँकुच्चा ठोक्नु।

(ii) तलका कुनै **पाँच** उखानलाई पूरा गर्नुहोस् : 5

(1) अर्काको आस .........

(2) आयो गयो माया मोह .........

(3) ताक् परे तिवारी .........

(4) अल्छे तिघ्रो .........

(5) कालो अक्षर .........

(6) छन् गेडी सबै मेरी .........

(7) छुचुन्द्रका टाउकामा .........

(8) खुकुरी भन्दा कर्द लाग्ने .........

(d) (i) तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

अनुराग ; निन्दा ; लौकिक ; शोक ; स्वर्ग ; स्वाधीन ; सार्थक।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) बोलेर गरिने।

(2) हातबाट छुटेर जाने।

(3) गरेर वा परेर जानिने कुरा।

(4) आमा-बाबुका नानीहरूप्रतिको प्रेम।

(5) आफूलाई चाहिंदोभन्दा बढी सम्झनु।

(6) कसैको ज्यान लिने काम।

(7) कसैको सुख-दुःखप्रति तेस्तै भाव।

(8) जन्मदेखिको मृत्यु भएसम्मको समय।

★ ★ ★



DOWNLOADED FROM: https://iasexamportal.com/ Courtesy : UPSC

DOWNLOADED FROM: https://iasexamportal.com/

IAS EXAM
Indian Administrative Services

UPSC PRINTED STUDY NOTES

| | | |
|---|---|---|
| Study Material for IAS (UPSC) General Studies Pre. Cum Mains (Combo) | English | CLICK HERE |
| UPSC - IAS PRE (GS+CSAT) Solved Papers & Test Series | English | CLICK HERE |
| UPSC सामान्य अध्ययन प्रारंभिक एवं मुख्य परीक्षा (Combo) Study Kit | Hindi | CLICK HERE |
| Study Material for IAS Prelims: GS Paper -1 + CSAT Paper-2 | English | CLICK HERE |
| Study Kit for IAS (Pre) GENERAL STUDIES Paper-1 (GS) | English | CLICK HERE |
| Study Kit for IAS (Pre) CSAT Paper-2(Aptitude) | English | CLICK HERE |
| आई. ए. एस. (सामान्य अध्ययन) प्रांरभिक परीक्षा (पेपर -1 + पेपर -2) | हिन्दी | CLICK HERE |
| सामान्य अध्ययन (GS) प्रारंभिक परीक्षा (Pre) पेपर-1 | हिन्दी | CLICK HERE |
| आई. ए. एस. (सी-सैट) प्रांरभिक परीक्षा पेपर -2 | हिन्दी | CLICK HERE |
| Gist of NCERT Study Kit For UPSC Exams | English | CLICK HERE |
| यूपीएससी परीक्षा के लिए एनसीईआरटी अध्ययन सामग्री | हिन्दी | CLICK HERE |
| COMPLETE STUDY MATERIAL FOR IAS PRELIMS EXAM | English | CLICK HERE |
| COMPLETE STUDY MATERIAL FOR IAS PRE+MAINS+INTERVIEW EXAM | English | CLICK HERE |
| UPSC, IAS सिविल सेवा परीक्षा संपूर्ण अध्ययन सामग्री (प्रारंभिक, मुख्य, साक्षात्कार) | हिन्दी | CLICK HERE |